म.नि. प्र. का. द.नं. : १७६ / ०६८, वर्ष ११, अंक १५८ शनिबार, १ माघ २०७८ त्रयोदशी नै. सं. ११४२ पोहेलाख्य 15 January, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३ -

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

अब महिलाहरुको लागि महिला रोग विशेषज्ञ
डा. ज्योति मुडवरी मात्र देउराली फर्मामा
त्यसैले आज नै सम्पर्क गरौं
सम्पर्कः देउराली फर्मा
फोन: ०५७-२५८६३, ९८६५०१२५८८
९८४५८८३५३३
साथै हामीकहाँ दैनिक हार्ड जोर्नी तथा नशा रोग विशेषज्ञ डाक्टरको पनि उपलब्ध छ ।

राक्सिराडले विद्युतीय सुशासन प्रणाली सुचारु गर्ने

साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुरको पश्चिमी क्षेत्र बिकट राक्सिराड गाउँपालिकाले विद्युतीय सुशासन प्रणाली सुचारु गर्ने भएको छ ।

शनिबार सम्पन्न गाउँसभाको ११ औं अधिवेशनका बीच गाउँपालिकाले विद्युतीय सुशासन प्रणालीको समेत सुरुवात गरेको हो । गाउँपालिकाका अध्यक्ष राजकुमार मल्लको अध्यक्षतामा भएको गाउँसभा उद्घाटन कार्यक्रममा बागमती प्रदेशका भौतिक पूर्वाधार विकास राज्यमन्त्री सन्तबहादुर चेपाङको प्रमुख आतिथ्यता रहेको थियो ।

प्रदेशका भौतिक पूर्वाधार विकास राज्यमन्त्री चेपाङ-सहित गाउँपालिकाका जनप्रतिनिधिले विद्युतीय सुशासन प्रणालीको उद्घाटन गरेका हुन् । सुशासन प्रणालीअन्तर्गत बढ्नगत जनसंख्या विवरण, धर्म, साक्षरतालगायत घरमुलीको फोटो-सहितको विवरण अनलाइनमार्फत हेर्न सकिने व्यवस्था गरिएको छ । अनलाइन-मार्फत नै गाउँपालिका अध्यक्षलाई गुनासो राख्नेदेखि न्यायिक समितिमा उजुरी गर्न सकिने व्यवस्थासमेत गरिएको छ । सार्वजनिक स्थल, विद्यालय, स्वास्थ्य संस्थाको विवरण पनि अनलाइनमार्फत नै हेर्न सकिने गरी व्यवस्था गरिएको छ ।

यस्तै, गाउँपालिकाले भुउपयोग नीति तथा भूमि व्यवस्थापन योजना पनि बनाएको छ । गाउँसभाबाट पारित उक्त नीतिको पनि शुक्रबार नै बिमोचन गरिएको थियो । गाउँसभाको बैठकमा चालु आर्थिक वर्षको बजेट संशोधन प्रस्तावसमेत पारित गरिएको थियो ।

गाउँपालिकाकी उपाध्यक्ष निर्मला हिमडुङले प्रस्तुत गरेको बजेट तथा कार्यक्रम संशोधन प्रस्ताव सर्वसम्मतले पारित भएको हो । कार्यपालिका सदस्य बन्धव कोइरालाले गाउँपालिकाको आर्थवार्षिक समीक्षा प्रस्ताव सभामा पेश गरेका थिए ।

उक्त प्रस्ताव पनि सर्वसम्मत पारित भएको छ । यस्ती न्यायिक समितिको वार्षिक प्रतिवेदन तथा न्यायिक समितिको नाम अनुमोदन प्रस्ताव पनि पारित गरिएको छ । यस्ती कार्यपालिका सदस्य बाबुलाल स्याङ्ताले पेश गरेको २०७७/७८ सम्मको बेरुजू संपरीक्षणशको लागि महालेखा परीक्षकको कार्यालयलाई प्रस्ताव गर्ने सम्बन्धी प्रस्ताव पनि गाउँसभाबाट पारित भएको छ ।

त्यसैगरी गाउँसभामा कार्यपालिका सदस्य सूर्यबहादुर मोक्तानले प्रस्तुत गरेको स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन अन्तिम नतिजा सम्बन्धी प्रस्ताव पनि सर्वसम्मत पारित गरिएको छ ।

गाउँपालिकाको बैठकबै बीच बागमती प्रदेशका भौतिक पूर्वाधार विकास राज्यमन्त्री सन्त बहादुर चेपाङलाई सम्मान गरिएको छ । चेपाङ समुदायबाट देशमै पहिलो र राक्सिराड गाउँपालिका बाट पनि पहिलो मन्त्री बन्न सफल भएको भन्दै उनलाई शुभकामना सहित गाउँपालिकाले सम्मान गरेको हो ।

गाउँपालिका अध्यक्ष राकुमार मल्ल, उपाध्यक्ष निर्मला हिमडुङ, प्रमुख प्रशासकीय अधिकृत देवचन्द्र बर्तौलाले संयुक्त रुपमा राज्यमन्त्री चेपाङलाई खाडा र मालाका साथ सम्मान पत्र प्रदान गरेका थिए । कार्यक्रममा बोल्दै राक्सिराड गाउँपालिका-७ स्थायी निवासी राज्यमन्त्री चेपाङले आगो कर्यकालमा पिछड़िएको सिमान्तकृत चेपाङ समुदायका सार्थे राक्सिराड गाउँपालिकाकोसमेत विकासमा महत्वपुर्ण काम गर्ने प्रतिवद्धता जनाए ।

चेपाङ बाहुल्य क्षेत्रमा खोप अभियान प्रभावकारी बनाइने

साझाकुरा संवाददाता

हेटौंडा/लोपोन्मुख चेपाङ बाहुल्य क्षेत्रमा कोभिड-विरुद्धको खोप अभियान प्रभावकारी बनाउन बागमती प्रदेशका स्वास्थ्य मन्त्री निमा लामाले छलफल गरेका छन् ।

मन्त्रालयमा शुक्रबार मकवानपुरका चेपाङ बाहुल्य क्षेत्रका प्रतिनिधिहरूसंग कोभिड खोप अभियान प्रभावकारी बनाउन छलफल गरेका हुन् । उनले चेपाङ बाहुल्य क्षेत्रमा खोप लगाउने दर कम रहेकले खोप अभियानलाई प्रभावकारी बनाउन सरकार्यका लागि आग्रह गरेका छन् ।

उनले कोरोनाको जोखिम न्यूनीकरणका लागि खोप अत्यावश्यक रहेकोले खोपबारेको भ्रम हटाउन त्यस क्षेत्रका नागरिक समाज, जनप्रतिनिधि, सामाजिक अगुवा लगायतले अभियानको महत्वबारे प्रचारप्रसार गर्नुपर्नेमा जोड दिए । प्रदेश सरकार खोप विएर समुदाय तहमै पुग्न तयार र हेकोले चेपाङ बाहुल्य क्षेत्रमा सबैको सहयोगमा लक्ष्यमा पुग्ने उनले विश्वास व्यक्त गरे ।

कार्यक्रममा बागमती प्रदेशका भौतिक पूर्वाधार विकास र ग्रामन्त्री सन्तबहादुर चेपाङले चेपाङ बाहुल्य क्षेत्रमा गाउँपालिकास्तरमा स्वास्थ्य शिविर गर्ने, चर्चमा खोप अभियान चलाउने, खोपको सकारात्मक पक्षबारे प्रचारप्रसारमा जोड दिने, विपन्न चेपाङ्ग तामाङ्ग र दलित बर्गलाई लक्षित गरेर सहयोग अभियानसहित खोप अभियान चलाउने जस्ता काम गरेर खोप अभियानलाई प्रभावकारी बनाउनु पर्नेमा जोड दिए ।

संविधानसभा सदस्य गोबिन्दराम चेपाङले त्यस क्षेत्रमा चेतनाको अभाव र खोपबारे नकारात्मक प्रचार रहेकले यसलाई चिर्दै खोप लगाउने दरले बढाउन आफ्नुहरूले सहजिकरण गर्ने प्रतिबद्धता व्यक्त गरे ।

चेपाङ संघका केन्द्रीय सदस्य खेम चेपाङले खोप लगाउने दरलाई चेपाङ समुदायमा बढाउन आफुले संघका सबै जिल्लाका इकाईमार्फत सहजिकरण गर्ने बताए । उनले विद्यालय, चर्च, स्वास्थ्य इकाई, वडा कार्यालय, चर्च जस्ता स्थानमा अभियान चलाउनुपर्नेमा जोड दिए ।

छलफलमा चेपाङ संघ मनहरीका अध्यक्ष प्रकाश चेपाङ, मनहरी गाउँपालिका ख्रिष्टियन समाजका सचिव विष्णु मोक्तान, चेपाङ संघ राक्सिराड अध्यक्ष सोम चेपाङ लगायतले अभियानलाई सफल बनाउन आफुहरूले समुदाय तहसम्म सकारात्मक प्रचारप्रसार गरि सहयोग गर्ने बताए ।

छलफलमा चेपाङ, तामाङ र ख्रिष्टियन समुदायका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । बागमती प्रदेशका चेपाङ बाहुल्य क्षेत्रमा कोभिड-१९ विरुद्धको खोप लगाउने दर कम पाइएपछि मन्त्री लामाले त्यस समुदाय र क्षेत्रका अगुवाहरूसंग छलफल थालेका छन् ।

बुद्ध टोलमा कांग्रेसको समिति

साझाकुरा संवाददाता

हेटौंडा/नेपाली कांग्रेस हेटौंडा उपमहानगरपालिका वडा नम्बर ४ ले बुद्ध टोलमा टोल समिति गठन गरेको छ ।

बिहिबार हेटौंडामा आयोजित बृहत टोल भेलाले अनिल शिवाकोटीको अध्यक्षतामा १७ सदस्यीय समिति गठन गरेको हो । समितीको उपसभापतिमा मुकेश बहादुर थापा, सचिवमा सुबेन्द्र जोशी, सहसचिवमा कमला थापा र कोषाध्यक्षमा ममता आचार्य चुनिएका छन् ।

सदस्यहरुमा विष्णु नेपाल, जयनारायण श्रेष्ठ, रामजी कोइराला, श्रीबहादुर अधिकारी, सीता अधिकारी, सुप्रभा आचार्य, रामधोरा सैबी, नवराज दाहाल, बिनु पौडेल, रञ्जन श्रेष्ठ चयन भएका हुन् । सल्लाहकारमा टेकबहादुर राउत र निरा शर्मा गुरुगाईं चयन भएका छन् ।

कार्यक्रमका प्रमुख अतिथि एवम् कांग्रेस मकवानपुरका प्रवक्ता प्रदीप कोइरालाले अब थप संगठीत हुँदै देश र जनताप्रति उत्तर दायी भएर अघि बढ्नुपर्ने बताए । स्थानीय तहको आसन्न निर्वाचनमा कांग्रेसका उम्मेदवारलाई निर्वाचित गराउने वातावरण तयार गर्न कांग्रेस नेता तथा कर्यकाहल सक्रिय हुनुपर्ने लानुपर्ने उनको भनाइ छ ।

कार्यक्रममा नेपाली कांग्रेसका हेटौंडा उपमहानगर सभापति उत्सव इटेनी, नेताहरु शुक्र जोशी, राधा कोइराला, रत्नमाया थापा क्षेत्री, गणेशहरी उप्रेती, शिवर ाम सुवेदी, अर्जुनप्रसाद देवकोटा, र मेश मुडवरी, विजय कार्की, र ामेश्वर पराजुली र रामप्रसाद प्रसाईंलगायतको उपस्थिति रहेको थियो ।

४ नम्बर वडा सभापति हरिप्रसाद पौडेलको सभाध्यक्षतामा भएको कार्यक्रममा श्रेष्ठ नागरिक प्रजातन्त्र सेनानी टेकबहादुर र ाउतलाई सम्मान गरिएको थियो । सभापति पौडेलले टोल समिति गठनका लागि महत्वपूर्ण भूमिका निर्वाह गरेको भन्दै रामप्रसाद प्रसाईंलाई धन्यवादसमेत दिए ।

शिक्षक भलिबलको उपाधि महेन्द्रलाई

साझाकुरा संवाददाता

हेटौंडा/हेटौंडा सम्पन्न जिल्लास्तरीय शिक्षक भलिबल प्रतियोगिताको उपाधि बकैया गाउँपालिकाको महेन्द्र माविले जितेको छ ।

शुक्रबार हेटौंडा-४, हुप्रचैरमा भएको फाइनल खेलमा थाहा नगरपालिकाको सुन्दरीदेवी माविलाई पराजित गर्दै महेन्द्र माविले उपाधि जितेको हो । महेन्द्र माविले सुन्दरीदेवी माविलाई २५-२१, २५-२३ र २५-१६ को सोझो सेटमा पराजित गरेको हो ।

उपाधिसँगै महेन्द्र माविले नगद २५ हजार रुपैयाँ, शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ भने उपविजेता बनेको सुन्दरीदेवी माविले १५ हजार रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ । यस्तै, प्रतियोगिताको उत्कृष्ट खेलाडी महेन्द्र माविका र मेश परियारले नगद ३ हजार रुपैयाँ प्राप्त गरेका छन् भने उत्कृष्ट स्पाइकरमा सुन्दरीदेवी माविका प्रकाश बहादुर चन्द र बेस्ट सेटर महेन्द्र माविका प्रकाश थापा मगर ले जनहरी २ हजार रुपैयाँ प्राप्त गरेका छन् ।

मदन भण्डारी स्पोर्ट्स एकेडेमी विद्यालय खेलकुद शिक्षक संघ मकवानपुरले आयोजना गरेको प्रतियोगितामा जिल्लाका १९ वटा विद्यालयको टिम सहभागिता रहेको थियो । समापन कार्यक्रममा मदन भण्डारी स्पोर्ट्स एकेडेमी विद्यालय खेलकुद शिक्षक संघ मकवानपुरका अध्यक्ष राजाराम पोखरेलको सभाध्यक्षता तथा नेकपा एमालेका केन्द्रीय सदस्य एवम् मकवानपुर जिल्ला इन्चार्ज रामेश्वर रानाको प्रमुख आतिथ्यता रहेको थियो ।

मन्त्री लामाले गरे स्वास्थ्य सामग्रीबारे अनुगमन

साझाकुरा संवाददाता

हेटौंडा/बागमती प्रदेशका स्वास्थ्य मन्त्री निमा लामाले शुक्रबार स्वास्थ्य सामग्री र खोपको मौज्दातबारे अनुगमन गरेका छन् । उनले स्वास्थ्य आपूर्ति केन्द्रको स्वास्थ्य सामग्री भण्डारण र खोप भण्डारणस्थलको अनुगमन गरेका हुन् ।

अनुगमनका क्रममा कोभिडका लागि आवश्यक स्वास्थ्य सामग्री, अन्य औषधि, कोभिड खोप र अन्य नियमित खोपको मौज्दात र भण्डारण व्यक्स्थापनबारे जानकारी लिएका छन् ।

अनुगमनपछि मन्त्री लामाले तथ्यांक अनुसार अहिले प्रदेशमा स्वास्थ्य सामग्री र खोपको अवस्था सन्तोषजनक रहेको पाइए पनि बढ्दो कोरोना जोखिम नियन्त्रण, रोकथाम र उपचारमा कुनै कमी नहुने गरि स्वास्थ्य सामग्री र खोप व्यवस्थापनमा लाग्न निर्देशन दिए ।

उनले कोरोना संक्रमितको संख्या बढिरहँदा अक्सिजनको माग बढ्ने भएकाले प्रदेशका अस्पतालमा रहेका अक्सिजन प्लान्टलाई संचालन गर्न तयारी अवस्थामा राख्न र १३ वटै जिल्लाका स्वास्थ्य इकाईहरूमा स्वास्थ्य सामग्रीबारे निरन्तर अपडेट गर्न निर्देशन दिए ।

मन्त्री लामालाई केन्द्रका प्रमुख डा. अर्जुन सापकोटाले स्वास्थ्य सामग्री र खोपको मौज्दात र आपूर्तिको आगामी योजनाबारे जानकारी गराएका थिए ।

कार्यक्रममा स्वास्थ्य मन्त्रालयका सचिव बद्रीबहादुर कार्की, आपूर्तिका कर्मचारीलगायतको उपस्थिति रहेको थियो ।

७५ जनाको परीक्षण गर्दा २५ जनामा कोरोना संक्रमित

साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुरमा कोरोना संक्रमित थपिने क्रम बढ्दो छ ।

दिनप्रति दिन परीक्षण गरिएका ५० प्रतिशतभन्दा बढीमा कोरोना संक्रमण पुष्टि भएको देखिन्छ । जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरको तथ्यांकअनुसार शुक्रबार ७५ जनामा कोरोना परीक्षण गर्दा २५ जनामा संक्रमण पुष्टि भएको छ । पछिल्लो २४ घण्टामा ७५ जनाको पीसीआर र एन्टिजेन परीक्षण गर्दा उनीहरुमा कोरोना संक्रमण पुष्टि भएको कार्यालयले जनाएको छ ।

११ जनाको पीसीआर परीक्षण गर्दा ९ जनामा र ६४ जनाको एन्टिजेन परीक्षण गर्दा १६ जनामा कोरोना पुष्टि भएको हो । संक्रमण पुष्टि हुनेमा सबैभन्दा धेरै हेटौंडा उपमहानगरपालिका रहेका छन् । हेटौंडाका १२ जनामा संक्रमण पुष्टि भएको हो । यसैगरी थाहानगरपालिका ४ जना, मकवानपुरगढी गाउँपालिकाका ५ जना र मनहरी गाउँपालिकाका ४ जना रहेका छन् । यससँगै जिल्लामा कोरोना संक्रमण पुष्टि हुनेको कुल संख्या १५ हजार ८ सय ८० जना पुगेको छ ।

जिल्लामा पछिल्लो २४ घण्टामा २ जना संक्रमणमुक्त भएका छन् । संक्रमणमुक्त हुने २ जना नै हेटौंडा उपमहानगरपालिकाका हुन् । यससँगै जिल्लामा हालसम्म संक्रमणमुक्त हुनेको कुल संख्या १५ हजार ३ सय ३८ जना पुगेका छन् ।

यस्तै, जिल्लामा हालसम्म संक्रमणका कारण १६८ जनाको मृत्यु भएको छ । जिल्लामा हालसम्म हेटौंडाका १ सय २० जना, मकवानपुरगढीका ५ जना, बागमतीका ४ जना, कैलाशका २ जना, मनहरीका १४, भीमफेदीका ७, बकैयाका ५ जना र राक्सिराड गाउँपालिकाका २ जनाको मृत्यु भएको छ । जिल्लाको इन्द्रसरोवर गाउँपालिकामा भने कोरोना संक्रमणका कारण हालसम्म कुनै पनि व्यक्तिको मृत्यु नभएको स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ ।

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

चिनियाँ आगमनपछि कसरी बदलियो अन्तरिक्ष दौड ?

काठमाडौं/दशकौंदेखि अन्तरिक्ष त्यस्तो ठाउँ बनेको छ जहाँ मुलुकहरुले आफ्नो महत्वाकांक्षाको प्रतिस्पर्धा गरिरहेका छन् । अन्तरीक्ष अनुसन्धानको क्षेत्रमा संसारका कतिपय देशहरु आफूलाई एक अर्काबाट अगाडि देखाउने दौडमा छन् ।

शीतयुद्धका बेला अमेरिका र सोभियत संघबीच केवल हतियार मात्रको दौड थिएन् उनीहरु पृथ्वीभन्दा भन्दा पर अन्तरीक्ष प्रविधिमा पनि एक अर्काबाट अगाडि बढ्ने दौडमा थिए । तर अहिले अन्तरीक्ष दौडमा प्रमुख खेलाडिको रुपमा चीनपनि अगाडि आएको छ । चीनले पृथ्वीबाट नदेखिने चन्द्रमाको इलाका समेत सफलतापूर्वक अन्तरीक्षयान अवतरण गराएको छ ।

सन् २०१९ मा पहिलोपटक चीनले चन्द्रमाको दक्षिणी ध्रुव अर्थात् फार साइडमा यान अवतरण गराएको थियो । चीनले यान अवतरण गराएको भोन कर्मन क्रेटर नजिकैको क्षेत्रमा हालसम्म कुनै पनि यान पुगेको थिएन । केहीहप्ता अगाडि यानसँगै गएको रोभरले क्रेटर बाट ८० मिटर टाक्षा एक ग्लाकार चीज देख्यो, जसलाई मिल्टी ड्रट नाम दिइएको छ । यो उपलब्धि चीनको चांग इ ४ राखिएको छ । अन्तरीक्ष जगतमा भारतको पनि आफ्नै रेकर्ड छ । सन् २०१७ मा भारतले एकसाथ १ सय ७ वटा स्याटेलाइट प्रक्षेपण गरेर रेकर्ड कायम गरेको थियो ।

यसका अलावा अन्य मुलुकहरुले पनि अन्तरीक्षमा आ्नना यानहरु प्रक्षेपण गरिसकेका छन् वा त्यसको तयारीमा छन् । भूटानले समेत सन् २०१८ मै आफ्नो पहिलो नानो स्याटेलाइट अन्तरीक्षमा पठायो र यो वर्षको अन्यसम्ममा अर्को स्याटेलाइट पठाउने तयारी गरिरहेको छ । यो दशकको अन्यसम्ममा नाइजेरियाले अन्तरीक्षमा अन्तरीक्षयात्री नै पठाउने योजना बनाएको छ । किर्गिस्तानले पनि आ्नो पहिलो स्याटेलाइट बनाइरहेको छ र ओमानले यो वर्ष नै आफ्नो पहिलो स्याटेलाइट प्रक्षेपण गर्ने लक्ष्य राखेको छ । यी सबै घटनाक्रमका बीच एउटा प्रश्न उठ्दछ कि आखिर अन्तरीक्षको यो दौड के हो ? यो र ष्ट्रिय सम्मानको विषय हो कि विकासको ? अन्तरीक्षमा अगाडि बढ्ने होडले पृथ्वीमा कस्तोखाले परिवर्तन ल्याइरहेको छ ?

बन्तरीक्षमा एसियाली मुलुकहरुको दब्बल

डाक्टर क्रिस्टोफ बाइसेल लण्डनस्थित इनिस्ट्यूट अफ स्पेस पोलिसी एण्ड ल मा रिसर्च फेलोको रुपमा कार्यरत छन् । अमेरिकाका कारण चीनको अन्तरीक्ष कार्यक्रमलाई कसरी सहयोग पुग्यो भन्ने विषयमा उनले व्याख्या गर्दछन् ।

चिनिया अन्तरीक्ष वैज्ञानिक चेत चुएसेन सन् १९३४ मा अमेरिकामा थिए, पहिले विद्यार्थीको रुपमा र पछि अन्तरीक्ष वैज्ञानिकको रुपमा । अमेरिकाको लागि रकेट प्रक्षेपणको प्रविधि बनाउने तथा नासाको एक अन्तरीक्ष अनुसन्धान केन्द्र बनाउनमा उनले अहम् योगदान दिए । द्वितीय विश्वयुद्धका बेला उनी अमेरिकी सरकारको वैज्ञानिक सल्लाहाकार बोर्डमा थिए ।

सन् १९५० को म्याकार्थी युगमा अमेरिकामा तथाकथित कम्युनिष्ट आसुसाइको खोजी सुरु भयो । त्यसबेला अमेरिकी सरकारले उनलाई नजरबन्दमा राख्यो र कोरियाली युद्धका बेला पक्रिएका अमेरिकी पाइलटहरुको बदलामा चीनलाई सुम्पियो । तर उनलाई चीन पठाउनु सबैभन्दा ठूलो गल्ती भएको त्यतिबेला एकजना वरिष्ठ अमेरिकी सैनिकले बताएका छन् ।

अमेरिकाको यो निर्णयबाट चीन खुसी थियो । चीनसँग अचानक एकजना यस्तो विज्ञ आएका थिए जसले उसका वैज्ञानिकहरुलाई तालिम दिन सक्दथे । उनकै कामको परिणाम स्वरुप चीनले आ्नो अन्तरीक्ष कार्यक्रम खडा गयों । चिनिया राष्ट्रपति माओले सन् १९५८ मा अन्तरीक्ष कार्यक्रमको घोषणा गरे । त्यसको एक दशकपछि नै चेन चुएशेनको नेतृत्वमा पूर्ण रुपमा स्वदेशमै बनेको स्याटेलाइट चीनले प्रक्षेपण गयों । उक्त कदमबाट चीनले पूरै विश्वलाई एक जबरजस्त सन्देश दियो ।

त्यसबेला पृष्ठभूमिमा द इस्ट इज रेड अर्थात् पूर्व रातो छ भन्ने गीत गाइएको थियो । त्यो एक प्रकारले चीनको अघोषित राष्ट्रगान नै बनेको थियो जसमा कम्युनिष्ट पार्टी र माओत्से तुङको बयान गरिएको थियो । त्योबेला सम्म अमेरिका र चीनले अन्तरीक्षमा आ्नना अन्तरीक्षयात्री पठाइसकेका थिए । सन् २००३ मा चीनले पहिलो पटक अन्तरीक्षमा मानव पठायो । यांग ली अन्तरीक्षमा पुग्ने पहिलो चिनिया नागरिक बने । त्यसयता हालसम्म ११ जना चिनिया अन्तरीक्षयात्री अन्तरीक्षमा पुगिसकेका छन् । जनवरी २०१९ मा चीनले चन्द्रमाको नदेखिने क्षेत्रमा सफलतापूर्वक अन्तरीक्षयान उतारेको छ । आखिर यसबाट चीन बाँकी विश्वलाई के सन्देश दिन चाहन्छ ?

यो अन्तरीक्षमा चीनका लागि यो असजिलो छैन । गत मे महिनामा चीनले झुरोंग नामको मानवर हित यात मंगल ग्रहमा अवतरण गराउँदै एशियाको पहिलो मुलुकको किर्तिमान राख्यो । डाक्टर क्रिस्टोफका अनुसार अन्तरीक्षमा अमेरिकाको वास्तविक प्रतिद्वन्दी चीन नै हो र सले अन्तरीक्ष कार्यक्रममा अर्बौं खर्च गरिरहेको छ ।

चिनिया अन्तरीक्ष वैज्ञानिक चेत चुएसेन सन् १९३४ मा अमेरिकामा थिए, पहिले विद्यार्थीको रुपमा र पछि अन्तरीक्ष वैज्ञानिकको लागि रकेट प्रक्षेपणको प्रविधि बनाउने तथा नासाको एक अन्तरीक्ष अनुसन्धान केन्द्र बनाउनमा उनले अहम् योगदान दिए। द्वितीय विश्वयुद्धका बेला उनी अमेरिकी सरकारको वैज्ञानिक सल्लाहाकार बोर्डमा थिए ।

डाक्टर क्रिस्टोफ भन्छन्- चीन बताउन चाहन्छ कि उसले अमेरिकाले अहिलेसम्म गर्न नसकेको कुरा आफूले गरेर देखाएको र यो क्षेत्रमा आफू विश्वको सबैभन्दा अगाडि रहेको मुलुक भएको बताउन चाहन्छ । चीनले लामो समयसम्म गृहयुद्धको समस्या झेल्यो । चीन बिगतमा कृषिमा आधारित मुलुक थियो । तर पछिल्लो ७० वर्षमा चीनले प्रविधिको क्षेत्रमा सबैभन्दा अग्रणी मुलुकको रुपमा आफूलाई स्थापित गर्न सकेको छ । आगामी केही वर्षमा बजेटको कमीका कारण अन्तर्राष्ट्रिय स्पेस स्टेसनको काम बन्द हुन सक्दछ । तर यो चीनका लागि यस क्षेत्रमा अर्की शक्तिशाली बन्ने मौका हुनेछ ।

उनी भन्छन्- चीन एकमात्र देश हुनेछ जो सँग अन्तरीक्षमा आफ्नो स्टेसन हुनेछ । यो वर्षको अन्यसम्ममा स्पेस स्टेसनको काम पूरा गर्ने चीनको योजना छ । त्यसबेला चीनले दुनियालाई भन्नेछ कि यदि कसैलाई वैज्ञानिक अनुसन्धान गर्नुछ वा अन्तरीक्षयात्री पठाउनुछ भने हाईँकि स्वागत छ । यस अर्थमा चीन संसार को सबैभन्दा शक्तिशाली मुलुक बन्ने महत्वाकांक्षा राख्दछ ।

यो अन्तरीक्षमा चीनका लागि यो असजिलो छैन । त्यसबेला चीनले दुनियालाई भन्नेछ कि यदि कसैलाई वैज्ञानिक अनुसन्धान गर्नुछ वा अन्तरीक्षयात्री पठाउनुछ भने हाईँकि स्वागत छ । यस अर्थमा चीन संसार को सबैभन्दा शक्तिशाली मुलुक बन्ने महत्वाकांक्षा राख्दछ ।

स्याटेलाइटको प्रयोग

भारत पृथ्वीको कक्षको तल्लो भाग अर्थात् लो अर्थ अर्बिटमा आफ्ना तथा अन्य मुलुकका स्याटेलाइट प्रक्षेपित गर्ने अहम मुलुक बनिसकेको छ । सन् २०१७ मा भारतले एकसाथ १०४ वटा स्याटेलाइट प्रक्षेपित गर्ने रेकर्ड बनाएको थियो । भारतले यो काम निकै कम खर्चमा सम्पन्न गयों । त्यसपछि विभिन्न अन्य देश, विदेशी कम्पनीहरु तथा एजेन्सीहरु यो सुविधाको प्रयोग गर्न चाहन्छन् ।

भारतले आफ्नो अन्तरीक्ष कार्यक्रमको सुरुवात सन् १९६० को दशकमा गरेको थियो । भारतको उद्देश्य न त अन्तरीक्षमा आ्नो उपस्थिति दर्ज गराउनु थियो न त अन्तरीक्ष अनुसन्धानमा अगाडि रहनु । भारतको उद्देश्य देशको आर्थिक विकासमा योगदान गर्नु थियो । भारतजस्ता विकासशील देशका लागि यो दकम यसअर्थमा महत्वपूर्ण थियो किनकी उनीहरुका लागि पैसाको सही प्रयोग आवश्यक थियो । विकासको कामका लागि अन्तरीक्षको प्रयोगको निर्णय गरियो । स्याटेलाइट तस्वीरको माध्यमबाट नक्सा बनाइयो र त्यसैको मद्दतले खनिज पदार्थको उत्खननको योजना बनाउनु सजिलो थियो ।

आखिर म्यापिङका लागि स्याटेलाइट तस्वीरकै प्रयोग किन ? किनभने भारतजस्ता ठूलो देशहरुमा स्थलगत तरिकाहरु अपनाउनु भनेको सबै ठाउँमा पुग्नु हो, जुन निकै महंगो साबित हुन्छ । दूरदराजका ठाउँहरु समम पुग्नका लागि स्याटेलाइटको प्रयोग सस्तो विकल्प थियो । स्याटेलाइट तस्वीरबाट पानीका श्रोतहरुका बारेमा जानकारी प्राप्त भयो र वृक्षारोपणको प्रयास कति सफल भयो भन्नेबारेमा पनि तथ्यांक उपलब्ध भयो । जलवायु परिवर्तनसँग जुध्नका लागि समेत स्याटेलाइटको प्रयोग बढेको छ । यसले माछीहरुलाई समुद्रमा जाने र माछाको खोजी गर्नमा समेत सहयोग गर्दछ ।

यसका लागि अन्तरीक्षबाट स्याटेलाइटको माध्यमले दृयाकिङ गरिन्छ र मानिसहरुलाई उनीहरुको मोबाइल फोनमा जानकारी दिइन्छ । भारतको आर्थिक विकासमा उसको अन्तरीक्ष कार्यक्रमको विशेष योगदान र हेको विज्ञ बताउँछन् । तर हालैका दिनहरुमा यसको उद्देश्य बदलिएको छ । सन् २०१८ मा प्रधानमन्त्री नरेन्द्र मोदीले सन् २०२२ सम्ममा भारत आ्नै यानबाट अन्तरीक्षमा मानिस पठाउने विश्वको चौथो मुलुक बन्ने घोषणा गरे ।

वास्तवमा अब अगाडि बढ्न आवश्यक छ भन्ने महसुस भारतलाई भयो । चीनको अन्तरीक्ष कार्यक्रमबाट भारतलाई प्रेरणा मिलेको छ । आगामी दिनमा भारतले पनि महत्वाकांक्षी परियोजना अगाडि बढाएको देख्न पाइनेछ ।

विद्यमान भन्दा फरक मानवबाहक अन्तरीक्षयान भारतले बनाउन सक्दछ, जसले तापमान तथा गुरुत्वाकर्षणको प्रभाव झेल्न सक्नू । यसबाट अन्तरीक्ष कार्यक्रममा हुने खर्च बढ्नेछ तर त्यसको सिधारुपमा लाभ भने हुनेछैन । तथापि आर्थिक विकासमा स्याटेलाइटको प्रयोग अझैपनि भारतका लागि महत्वपूर्ण छ र अन्य मुलुकहरुले समेत त्यहीँ बाटो पछ्याइरहेका छन् ।

-बीबीसीको सहयोगमा अनलाइनखबरले तयार पारेको सामग्री

साहित्य

जादुको घडी

लघुकथा

स्तुती बिजारी
कक्षा : ७ अ, नवोदय शिशु सदन

एकदेशमा एउटा गाउँ थियो । त्यस गाउँको नाम धादिङ थियो । त्यो गाउँमा राम, हरि, हरिकी आमा र बुबा, सीता, सीताका काका र काकी गीता। गीताका आमा र अन्य गाउँलेहरु बस्दथे । गाउँमा सबै जना मिलेर बस्दथे । त्यो गाउँबाट निकै राम्रा दृश्य हरुहरु देखिन्थे । त्यस गाउँमा निकै राम्रा दृश्य भएकाले धेरै पर्यटकहरु घुम्न आईरहन्थे ।

एकदिन एक पर्यटक उसका साथीहरुसँग घुम्न भनेर धादिङ आयो । घुम्दै गर्दा पर्यटकहरुले एउटा खाजा घर नामको पसल देख्यो र त्यो पसल हरिकी आमा, बुबा र सीताका काका, काकी भएर चलाइरहेका थिए । पर्यटकहरुलाई धेरै भोक लागेकाले उनीहरु खाजा खान गए । त्यतिनै बेला हरि, सीता, गीता र राम स्कूलबाट आइपुगे । पर्यटकहरु जाँदै गर्दा एउटा पर्यटकको फोलाबाट एउटा अनौठो घडी खस्यो । त्यो घडी रामले देख्यो र पर्यटकलाई दिन जाँदा पर्यटक गाडीमा चढेर गएसकेको थियो । रामले त्यो घडी आफैं लगायो र राम गायब भयो । त्यसपछि राम सधैं राति घरबाट गायब भएर मान्छेहरुलाई तर्साउथ्यो ।

एकदिन जाडो महिनामा रामले आगो तापै गर्दा घडी आगोमा खस्यो र घडी जलेर खरानी भयो । त्यसपछि रामले घडी लगाएर केके गरेको थियो सबै बिर्सियो ।

केही पनि झरेको या अन्जान सामान टिन्नु हुन्न भनेर रामले त्यहाँबाट थाहा पायो ।

जब दाजुबहिनीका बिचमै सेक्स हुन्छ ...

पुस्तक समीक्षा

नतीन अमिलाषी

'हिल्मे म बाठो थिएँ र संसार बदल्न चाहन्थें, तर आज म बुद्धिमान् भएको छु त्यसैले आफैँलाई बदल्न चाहन्छु ।'

तेह्रौं शताब्दीका महान् प्रख्यात कवि मौलाना जलालुद्दिन रुमीको कविताले आत्मकेन्द्रित परिवर्तनको विराट् र विस्तृत रूप नै संसार परिवर्तनको प्रमुख आधारका रूपमा स्वीकार गर्दछ । हरेक मानिस उमेरको एक मोडमा संसार, देश, समाज, परिवार परिवर्तनको सपना बाँच्दछ ।

उमेरको उकालो र सांसारिका नियम भित्रको चंगुलमा फस्दै गएपछि संसार हुँदै देश, देश हुँदै, आफ्नो समाज, त्यो समाज हुँदै परि वार र परिवारबाट पनि खुम्चिएर आफूलाई परिवर्तन गर्ने साँघुरो घेरामा आइपुग्छ । त्यहाँ आइपुग्दा समयले नेटो काटिसक्छ र अन्त्यमा आफूलाई परिवर्तन गर्ने जिम्मा कुनै ईश्वरीय शक्तिमा छोडेर भक्तभजनमा हाम फाल्दछ ।

म एक जना नेपाली कम्युनिस्ट आन्दोलनका प्रखर नेतालाई चिन्दछु । राणा, पञ्चायत, पञ्चातान्त्रिक समयमा कम्युनिष्ट आन्दोलनमा रगत कुरा गर्ने, कविता लेख्ने, भौतिक क्रान्ति र आन्दोलनबाट मात्रै राज्यसत्ता प्राप्त गर्न सकिन्छ, समाजवाद ल्याउन सकिन्छ भनेर सिड्दो जीवन सिध्याएका उनले अहिले ध्यान, योग, साधना, तन्त्रमन्त्र, ग्रन्थ मार्फत आफूलाई परिवर्तन गर्नतर्फ उद्यत छन् ।

सिड्दो जीवनभर अँगालेको विचार, सिद्धान्त र दृष्टिकोणबाट मानिस उमेरको बुढ्यौली मोडमा आइपुगेर किन स्खलित हुन्छ ? समाजशास्त्रको विज्ञानका लागि यो एक महत्वपूर्ण विषय बन्न जान्छ । त्यही आदर्श, नीति, सम्भावना, भौतिकवादी दृष्टिकोण सहित सुरु हुन्छ यो उपन्यास लुकेको बासना । संसार फगत एक टूका हो, यो हुनु र नहुनुसँग सजनीको जीवनले कुनै अर्थ राख्दैन । देश छोडेर सुखी देशमा पुगेकी २३ वर्षिया युवती सजनीले सोच्ने संसार हो यो उपन्यासको रूपा । ऊ आफैंमा सो संसार केन्द्रित छ भन्ने भ्रममा छ । मानौं कि यहाँको समाज, समय, सिद्धान्त, वफ्ता र सम्भावनाहरूप्रति उसको कुनै लगाव छैन, चासो छैन । उसको आ्नै दुनियाँ छ, जीवन छ, जिजीविषा छ, उसले देखेको सपना बाँच्न चाहन्छ, आफैंले सनेको बाटो हिँड्न चाहन्छे । किनकि अस्ट्रेलियाको एक सहरको कुनै कुनामा छ एउटा कोठा, र त्यो कोठामा उसको चौथो प्रेमी सरोज उसको नाङ्रो वक्षस्थलमा मस्त निदाइरहेको छ ।

नेपाली समाजका नियतिहरू यी यस्ता उपन्यासमा पोखिन र हामी पढ्न अभिशप्त छौं । मानौं कि एकपछि अर्को त्यो नियति भोग्न हामी बाध्य छौं । आज सजनीले पालेको दृष्टिकोण (भ्रम) निकट भविष्यको मेरो वा तपाईंको छोरीको नियति हो, भ्रम हो । यथार्थबाट निकै दूर दूर..... । उपन्यासको म पात्र सजनी, वर्तमान नेपाली समाजको प्रतिनिधि पात्र मात्र हैन, केही हदसम्म असत् र आवेगमा बाँच्ने पात्र पनि हो । युवा उमेरले देखेको नेपाली समाजको चित्र बोकेको उपन्यासले होस्टेलको र गरमाइलोदेखि आर्थिक, भौतिक सुख बाँच्ने अभिलाषाका साथ पुगेको दुरदेशसँग नेपाली समाजलाई तौलिन्छ । अर्थराजनीति, समाज विज्ञान, संस्कार सभ्यतालाई अष्ट्रेलियाको हवापानी र दैहिक सुखसँग तौलिएर नेपालमा बसेकी आमाले गरेको विवाहको प्रस्तावमा वैवाहिक बेफाइदाका तर्क प्रस्तुत गर्दछ । शिक्षित युवतीले सोच्ने दृष्टिकोणको जीवन्त चित्र हो यो ।

पितृसत्तात्मक समाजले महिलामाथि गरेको दमनका अनेक कथाहरू उपन्यासले भन्छ । आमाले बाँचेको जीवन नै प्रमुख पात्रलाई दयनीय लाग्छ । यौन उत्पीडनबाट बाहिर निस्किन नसकेका नेपाली महिलाहरूको प्रतिनिधि कथाहरू समावेश यो उपन्यासमा नारी स्वतन्त्रता, महिला मुक्तिको आवाज कसरी र किन यति खरो रूपमा उठिरहेको छ त्यसको तर्क र प्रमाण पेस गर्दछ र त्यो मसँग नमसँग पछ्रुले स्वीकार गर्न बाध्य हुन्छ ।

उपन्यासले त्यस्ता धुपै प्रश्नहरू गर्दछ, जस्तो कि पुरुषका लागि वेश्यालय छन्, महिलाका लागि खोई ? पुरुषले यौनोत्तेजना शान्त बनाउन महिला खोजै हिँड्न पाउने, महिलाले किन नपाउने ? आस्ट्रेलियाले आप्रमाणि गरेको अन्यायका बारण आमाको जीवन नै किन दयनीय लाग्छ ? प्रेमी प्रेमेलाई हुन पाउने युवतीले दुई-चारओटा प्रेमी बनाउन किन नहुने ? सन्तान उत्पादनका लागि विवाह किन अपरिहार्य ? विवाहबिना नै सन्तान उत्पादन गर्ने अधिकार नेपाली महिलाले किन नपाउने ?

युरोपेली तथा अमेरिकन भूगोलमा वैदेशिक रोजगारका लागि जाँदा अपनाउनुपर्ने प्रक्रिया प्रणालीहरू कुन हदसम्म हुन्छन् ? यो अहिलेको नेपाली कथा हो, त्यससे नेपाली समाजका पारेको असर कस्तो छ ? त्यो देख्न पाइन्छ । नेपालको शिक्षा प्रणालीदेखि यहाँको राजनीतिप्रति युवाहरूको धारणा कतिसम्म निराशाजनक छ भन्ने कुरा उपन्यासले इमानदार भएर भन्छ ।

नेपाली समाजले सधैं वर्जित बनाएको यौन धारणाका विकृत रूप (?) हरू भिजमैत्री कसरी फैलिन थालेका छन् ? यौनकै आसपासमा सुस्देखि अन्त्यसम्म घुमेको उपन्यास यसको उदार संस्कारलाई विनासंकोच स्वीकार गर्दछ । कुनै-कुनै अध्यायका कथाहरू यौनकथाजस्तो मात्र छैनन्, यौन जीवनका नयाँ आयामहरूबारे पनि उपन्यासले खुलस्त भन्छ ।

हाम्रो समाजमा रहेको लेस्बियनको पाटो, पोर्नोग्राफीप्रतिको युवाहरूको लगाव र त्यसको प्रयोग सामान्य छ । समलिङ्गी व्यक्तिहरूबिचको विवाहलाई सरकारले मान्यता नदिए पनि उनीहरूको पहिचानलाई राज्यले स्वीकार गरिसकेको छ । समलिङ्गी विवाहलाई सरकारले मान्यता नदिए पनि हाम्रो समाजमा भइरहेका छन्, भनै त्यस्ता विवाहको सामाजिक वा सरकारी मान्यताको विषय बहसमै होस्, तर प्राकृतिक रूपलाई मानवनिर्मित संरचनाहरूले छिलीचाँडो स्वीकार गर्नुपर्छ ।

एउटा महिनकी मस्तिष्कमा दैनिक ६० लाख विचारहरू खेल्छन् । त्यसमध्य कस्तीमा ९० प्रतिशत विचार यौन धारणा हुन । यौन विचार, धारणा र क्रियाकलापविना नानव जीवन बाहिर आउन सक्दैन । उपन्यासले हाम्रा युवाहरूले शिक्षा आर्जन गर्ने शैक्षिक संस्थादेखि होस्टेलमा हुने यौन गतिविधिहरूबारे बताउँछ । अहिलेको खुला समाजमा मातमदिरा र यौन विषयले पाएको प्राथमिकताबारे भन्छ । त्यो पनि कुनै यौन प्रकारका सीमा र परिधिभन्दा बाहिर नएर ।

यौन आनन्दको उत्कर्षको सीमा यहाँसम्मको देखाएएको छ कि दाजु र बहिनीबिचकै मातमदिरा सहितको यौनसम्बन्धलाई विभिन्न तर्कले ठिक छ भन्छ । युवती नै किन नहोस्, ऊ यसरी उदार हुन्छे कि देश छोडेर परको भूगोलमा पुग्दा दाजुबहिनीकै सम्बन्ध पनि यौन सम्बन्धमा परिणत होस् । प्रेम मात्र प्रधिधिक कुरा हो, संयोग हो भन्ने सिकाउने उपन्यासले सम्बन्धलाई सहज रूपमा स्वीकार गर्ने र परित्याग गर्ने अवधारणाको विकास गर्न खोजेको देखिन्छ ।

उपन्यासको प्रमुख विषय यौन हो, त्यसबाट उत्पन्न र त्यसले पारेका असर कथालाई सहायक कथाको रूपमा उल्लेख गरिएको छ तर उपन्यासको मुख मूल कथा नै छैन । कथाको एउटा बाटो छैन । आरोह अवरोह, उत्सुकता, सुस्वात अन्त्यबारे घोलिनुपर्छ तर यति भन्दा उपन्यासमा कथा नै छैन त ? त्यो होइन यो उपन्यासलाई कथाहरूको योग भन्न सकिन्छ । सुरुमा कथा निकै ढिलो बग्छ । आदर्श र दर्शनका वाक्यहरू एकपछि अर्को गर्दै आउँछन् । धर्म, संस्कृति, दर्शन, परम्पराका विषयमा उल्लेख विचार र अवधारणाहरू हरकोहीका लागि उत्प्रेरित लाग्छन् ।

साभार: साहित्य पोष्ट

पेटसीटी

डा.गणेशकुमार पोडेल

म संघर्षरत् थिएँ क्यान्सर सेलसँग
मैले जिते उसको मृत्यु हुने
उसले जिते मेरो मृत्यु हुने

ती परजीवी क्यान्सर सेलहरुमा
भेटिँदैन प्रेम र सहानुभूतिको सुगन्ध
हिंस्रक स्वभावमा डुबेका
मानव सम्बेदना नभएका
अघि बढिरहेछन् तिनका हाँसो र सुस्केराहरु
हरबखत तिनले चपाइरहेछन् मानव सेलहरु

म निरन्तर छट्पटाएर दौडिरहें
कैले वैद्य त कहिले अोखतीको खोजीमा
मलाई गिज्याउँछन् किमोथेरापीका एजेन्टहरु
डाक्टर र औषधी परिचरिका देखाउँछन्
परीक्षणका प्रयोगशालाहरु अनगिनती छन्
मलाई त्यो सबै थाहा छ
तर म प्राकृतिक उपचारतिर लागें

कहिलेकाँही मलाई
आधुनिक औषधीले पनि जिस्क्याउँछ
न पत्याए हेरे हुन्छ
हुल बाँधेर लाममा बसेका बिरामीहरुलाई
घृणा गर्नु छ अब शोषणका काला व्यापारीलाई
छुटकारा पाउनुछ अबलाई
नेल र हतकडीबाट
फेर्नु छ सन्तुष्टिको सास स्वास्थ्य भएर

आज मुटुमा आशाको दीप बलिरहेछ
पेटसीटीको रिपोर्ट अनुसार मेरो शरीरमा
पूर्णरुपमा क्यान्सर सेल अन्य भण्ड्ड
मेडिकल माफियाहलेसे भने
कहिलेकाँही स्वास्थ्य विज्ञानमा नहुने कुरा हुन्छ
नमर्ने मान्छे मर्छ, मर्ने मान्छे बाँच्छ ।।।

मेरी आमा

कविता

संस्कृति लुईटेल

कण्णाकी खानी
मेरी प्यारी आमा
ममता की खानी
मेरी प्यारी आमा

यो धर्तीमा जन्मायौ
सारा संसार देखायौ
आ्नना सपनाहरु मारेर
मेरा पूरा गर्नातिर लाग्यौ

ताले ताले भनी मिठो
तोते बोली सिकायौ
हात मेरो समाती
हिँड्नेसमेत बनायौ

संसार कै पहिलो गुरु
तिमी नै हौ मेरो
तिमीलाई हँसाउने
चाहना छ मेरो

तिम्रै लागि गर्छु म
धेरै दुःख
तिमी हाँसे संसार नै
लाग्छ मलाई सुख

कक्षा:७, नवोदय शिशु सदन

हरेक शनिबारको अंकमा हामीले साहित्य सामग्री प्रकाशित गर्दै आधको अवगत ले छ । तपाईंद्वारा लिखित कविता, कथा, लुकक, गजललगायत रचनाहरु हामीलाई उपलब्ध गराउनुहुन अनुरोध छ ।

मनोरञ्जन/खेलकुद

'पुष्पा'को हिन्दी भर्सन अमेजन प्राइम भिडियोमा

काठमाडौं /बक्स अफिसमा धमाका मच्याएको साउथ इण्डियन चलचित्र 'पुष्पा: द राइज'को हिन्दी भर्सन ओटीटी प्लेटफर्म अमेजन प्राइम भिडियोमा रिलिज गरिएको छ । मूल रुपमा तेलुगु भाषामा बनेको यो चलचित्र तमिल, मलयालम, कन्नड र हिन्दी भाषामा डब भर्सनमा उपलब्ध छ ।

साउथ सुपरस्टार अल्लु अर्जुन र अभिनेत्री रश्मिका मन्दानाको मुख्य भूमिका रहेको 'पुष्पा'को निर्देशन सुकुमारले गरेका हुन् । हिन्दी बाहेक अन्य भाषामा भने यो चलचित्र एक साताअघि नै प्राइम भिडियोमा रिलिज भइसकेको छ ।

'पुष्पा'को हिन्दी भर्सनलाई प्राइम भिडियोले गएराति १२ बजे रिलिज गरेको हो । हिन्दीका दर्शकले यो चलचित्र हेर्दा अंग्रेजीमा सब-टाइटल पनि देख्नेछन् । गत जनवरी ७ मै 'पुष्पा'लाई हिन्दीमा समेत ओटीटीमा रिलिज गर्ने तयारी भएपनि बक्स अफिसमा धमाका मच्चाइरहेकाले यसका निर्माताले एक सातापछि मात्र प्रसारण गर्न आग्रह गरेका थिए ।

'पुष्पा'ले हिन्दी भर्सनमा मात्रै हलसम्म ८० करोड भाख्नन्दा बढीको कमाइ गरिसकेको छ । यो चलचित्र सिनेमा हलमा डिसेम्बर १७ देखि प्रदर्शनमा आएको हो ।

(अनलाइनखबरबाट)

मनाङ सातदोबाटोसँग स्तब्ध

काठमाडौं /सहिद स्मारक ए डिभिजन लिग अन्तर्गत शुक्रबारको दोस्रो खेलमा सातदोबाटो युवा क्लबले मनाङ मर्स्याङ्दी क्लबलाई स्तब्ध पारेको छ । पहिलो हाफकै दुई गोलको मदतमा सातदोबाटो २-१ को जित दर्ता गर्न सफल रह्यो ।

खेलको ११ औं मिनेटमा सातदोबाटोले मार्टिन्स सिलो नांगाको गोलमा अग्रता लिएको थियो । मनाङको डिफेन्सले क्लियर गर्न नसकेको कर्नरमा मार्टिन्सको हेडर एकराज बुढाथोकीलाई लान्दै गोलमा परिणत भएको थियो । त्यस्तै पहिलो हाफको ७ मिनेट बाँकी रहँदा सातदोबाटोले अग्रता दोब्बर पार्यो । प्रशान्त अवस्थीको कृसमा अजायी मार्टिन्सले हेडरमार्फत गोल गर्दै सातदोबाटोको अग्रता दोब्बर पारे ।

५७ औं मिनेटमा मनाङले गोल फर्काएको थियो । आफिज ओसावासीले कर्नरमा क्लियर हुन नसकेको बललाई गोलमा परिणत गर्दै खेलमा फर्कने संकेत दिएका थिए । तर त्यसपछि पटक पटक सातदोबाटोको डिफेन्स बाधक बन्दा मनाङ सिजनको दोस्रो हार बेहोर्न बाध्य भयो ।

यस नेतिजासँगै सातदोबाटो १२ अंकसहित लिग तालिकाको छैठौं स्थानमा उक्लिएको छ । मनाङ भने १९ अंकसहित दोस्रो स्थानमा यथावत छ । शीर्षस्थानको मछिन्द्रले ८ खेलमा २० अंक जोडेको छ । मछिन्द्रले आइतबार ब्रिगेड ब्याइज क्लबसँग खेल्नेछ ।

यस्तै दिनको पहिलो खेलमा एपिएफले हिमालयन गोर्खा क्लबलाई १-० ले पराजित गरेको थियो । आयाय लामिछानेले पहिलो हाफको इन्जुरी समयमा गरेको गोल जितका लागि पर्याप्त रह्यो ।

उनले नविन लामाको कर्नरमा गोल गरेका थिए । एपिएफ यस जितसँगै १० अंकका साथ नवौं स्थानमा छ । रेलिगेसन क्षेत्रबाट एपिएफ ५ अंकले अघि बढेको छ । *(हाम्रो खेलकुदबाट)*

शुक्रलाई लगातार दोस्रो उपाधि

काठमाडौं /पूर्व शुक्रबहादुर राईले सुर्य नेपाल गल्फ टुर २०२१-२२ मा लगातार दोस्रो उपाधि जितेका छन् । धरान गल्फ क्लबका प्रो शुक्रले शुक्रबार सुर्य नेपाल सेन्ट्रल ओपनको उपाधि बिर्दै १ लाख ३० हजार रुपैयाँ हात पारे ।

गोकर्ण गल्फ क्लबमा सम्पन्न सिजनको तेस्रो प्रतियोगिता शुक्रले शुक्रबार अन्तिम दिन १ ओभर ७३ स्कोरसहित कुल १० अन्डर २ सय ७८ स्कोर जोड्दै शुक्रले उपाधि जितेका हुन् । उनले दोस्रो स्थानका रवि खड्कालाई १ स्ट्रोकले पछि पारे । रविले अन्तिम दिन ४ अन्डर ६८ स्कोर जोडेपनि उपाधि जितबाट बन्चित भए । रविले ८८ हजार रुपैयाँमा चित्त बुझाए ।

तेस्रो स्थानमा स्थानीय प्रो भुवन नगरकोटीले अन्तिम दिन इभन पार ७२ सहित कुल ६ अन्डर २ सय ८२ स्कोर बनाए । उनले ६४ हजार रुपैयाँ प्राप्त गरे । एमेच्योरतर्फ १३ औं सागका दोहोरो स्वर्ण विजेता सुभाष तामाङले कुल ४ अन्डर २ सय ८४ अंकसहित उपाधि जिते । उनी समग्रमा चौथो स्थानमा रहे । यस्तु सद्भाव आचार्यले ५ ओभर २ सय ९३ स्कोरका साथ एमेच्योरतर्फ उपविजेता बने ।

प्रतियोगितामा ३९ व्यावसायिक र १९ एमेच्योर गल्फरको सहभागिता रहेको थियो । कुल ७ लाख ७५ हजार पुरस्कार राशी रहेको प्रतियोगितामा दोस्रो चरणमा स्थान बनाउने २१ व्यावसायिक गल्फररले नगद पुरस्कार जिते । विजेतालाई सुर्य नेपाल प्रान्सिका सहायक ब्रान्ड म्यानेजर नविन सरोज र पिजिए नेपालका सल्लाहकार घनश्याम थापाले पुरस्कृत गरे ।

(हाम्रो खेलकुदबाट)

सुधीरसँग 'ओके छ त' भन्दै सुनिशा

काठमाडौं/'द भ्वाइस अफ नेपाल ३'का प्रतिस्पर्धीहरुले गायनमा आफूलाई अगाडि बढाइर हेका छन् । यसैबीच, गायिका सुदिता राई र गायक विजय शंकर को स्वरमा समावेश 'ओके छ त' बोलको गीतको भिडियो सार्वजनिक गरिएको छ ।

युवायुवतीबीच हुने आकर्षणको विषयमा बोल्ने यो गीतमा विजय र शिशिर कोइरालाको शब्द र दीपकराज विश्वकर्माको संगीत छ ।

गोदावरीमा खिचिएको भिडियोमा उत्तम हुमागाईको छायांकन र सिलन लम्सालको सम्पादन छ । भिडियोमा सुधीर श्रेष्ठ र सुनिशा बजगाईले अभिनय गरेका छन् । मुनाल शिशिरको निर्देशनमा तयार भएको भिडियोमा सुरेन्द्र बसेलको कोरियोग्राफी छ ।

(अनलाइनखबरबाट)

रुविनाले पनि विदेशी लिग खेल्ने

काठमाडौं /नेपाली महिला क्रिकेट टोलीकी कप्तान रुविना छेत्री बेलबासेले पनि विदेशी लिग खेल्ने भएकी छिन् । रुविनाले हङकङमा हुने फेयर ब्रेक इन्भिटेसनल टि-२० खेल्ने भएकी हुन् ।

नेपाल क्रिकेट संघ (क्यान) ले रुविनाले पनि फेयर ब्रके टि२० खेल्ने जानकारी दिएको छ । यस अघिनै उपकप्तान सीता रानामगरले उक्त प्रतियोगिता खेल्ने जानकारी दिईएको थियो ।

फेयर ब्रेक इनभीटेसनल २०२२ अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी) बाट मान्यता प्राप्त टि२० खेल हो । प्रतियोगितामा ६ टोली हुनेछन् । प्रतियोगिता आगमी मे १ देखि १५ सम्म हुनेछ । ६ टोलीबीच १५ दिनसम्म कुल १९ खेल हुनेछन् ।

सम्मिलित प्रतियोगितामा भारतकी हर्मप्रित कौर र पाकिस्तानकी सना मिर लगायत विश्वका चर्चित खेलाडी खेल्ने बुझिएको छ । सीता र रुविनाले कुन टोलीबाट खेल्ने भने पक्का भएको छैन ।

रुविना र सीता दुबैले नेपालबाट एक शतकदेखि खेल्दै आएका छन् । घरेलु क्रिकेट भने रुविनाले प्रदेश १ बाट खेल्ने गर्दैछिन् ।

सीताले नेपाल एपिएफ क्लबबाट खेल्दै आएकी छिन् । सिनियर टोलीमा रुविना कप्तान र सीता उपकप्तान हुन् ।

(हाम्रो खेलकुदबाट)

'माघी पर्वले राष्ट्रिय एकताको भावनामा आवद्ध गर्न योगदान गरिरहेको छ'

काठमाडौं (रासस)/ राष्ट्रपति विद्यादेवी भण्डारीले नेपालका विभिन्न समुदायमा मनाइने माघे संक्रान्ति एवम् माघी पर्वको सुखद् अवसरमा स्वदेश तथा विदेशमा रहेन् भएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइमा सुख, शान्ति, सुखाल्य्य र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गरेकी छन् ।

माघे संक्रान्ति वा मकर संक्रान्ति पर्वलाई नेपालका विभिन्न जातजातिले हर्षोल्लास पूर्वक मनाउने परम्परा रही आएको तथा थारु समुदायमा माघी पर्वलाई नयाँ वर्षका रुपमा धुमधामसँग मनाइने प्रचलन रहेको उल्लेख गर्दै उनले विविधतापूर्ण नेपाली समाजलाई वृहत् राष्ट्रिय एकताको भावनामा आवद्ध गर्न माघी पर्वले योगदान गरिरहेको बताइन् ।

साथै उनले कोभिड-१९ महामारीको वर्तमान अवस्थामा स्वास्थ्य सुरक्षाको माध्यम अपनाएर आ-आफ्नो स्वास्थ्यको ध्यान गरी माघी मनाउन सबैमा आव्हान गरेकी छन् । 'सूर्य उत्तरायण हुने प्रक्रियासँग सम्बन्धित हुनाले माघी अर्थात् माघे संक्रान्ति एवम् नेपाली जनजीवन र प्रकृतिको निकटतालाई दर्शाउँछ । हाम्रा धेरै पर्व यसै गरी प्रकृतिसँग अन्योन्याश्रितरूपले जोडिएका छन् । नेपाली समाज प्रकृति र संस्कृतिको सुन्दर संगम भएको हुनाले हाम्रा व्यवहार पनि प्रकृतिमैत्री र वातावरण संरक्षणउन्मुख हुनुपर्दछ भन्ने अन्तर्निहित सन्देशलाई हामीले आत्मसात् गर्नुपर्छ,' राष्ट्रपतिले सन्देशमा भनेकी छन् ।

प्राचीन समयदेखि हस्तान्तरण भइ आएका सांस्कृतिक वैशिष्ट्य बोक्ने चाड पर्वले हाम्रो सामाजिक जीवनलाई उल्लासमय तुल्याएका, त्यसबाट हाम्रो राष्ट्रको मौलिक परिचय विश्वसामु स्थापित हुनुका साथै समुदायबीच सहिष्णुता र हार्दिकता अभिवृद्धि भइरहेको तथा हाम्रा पर्वले मुलुकको सांस्कृतिक र जातीय विविधतालाई आपसमा जोडेर साझा नेपाली पहिचान निर्माण गर्न उल्लेख्य योगदान गरेका उनले सन्देशमा उल्लेख गरेकी छन् ।

मगर समुदायमा आजको दिन तीरको निशाना लगाउने खेल प्रचलनमा छ भने पवित्र नदी एवम् त्रिवेणीहरूमा स्नानपश्चात् पूजा अर्चना तथा घिउ, चाकु, तरुल, सेलरोटी, तिलको लड्डु, ढिकी र खिचडीअस्ता परिकार सेवन गर्ने परम्परा रहेको छ ।

गृहमन्त्री खाँण र अस्ट्रेलियन राजदूतको भेट

काठमाडौं (रासस)/ गृहमन्त्री बालकृष्ण खाणसँग नेपालका लागि अस्ट्रेलियन राजदूत फेलिसिटी जेन भोल्कले शुक्रबार भेट गरेका छन् ।

गृह मन्त्रालयमा भएको भेटमा अस्ट्रेलिया र नेपालबीचको मैत्रीपूर्ण सम्बन्ध अझै प्रगाढ बनाउने बारे छलफल भएको गृहमन्त्रीको सचिवालयले जनाएको छ । भेटमा गृहमन्त्री खाँणले नेपालको विकासमा अस्ट्रेलियाले गरिरहेको मद्दतका लागि धन्यवाद दिँदै कोभिड-१९ महामारी नियन्त्रणका लागि थप्नेवित्त सहयोग गर्न आग्रह गरेका छन् ।

नेतानम रोक्का शरणार्थीको व्यवस्थापन र नेपाली विद्यार्थीलाई अस्ट्रेलियामा पढ्न सहज हुने व्यवस्था गरिदिन पनि उनले आग्रह गरेका थिए । मन्त्री खाँडेले पढाइका अलावा नेपाली विद्यार्थीले हप्तामा २० घण्टा काम गर्न पाउने गरेकामा त्यो समय बढाइन पनि आग्रह गरेका थिए ।

राजदूत भोल्कले नेपाल पुरानो मित्र भएकाले आफूहरूले सक्दो सहयोग गर्न सदैव तयार र हेको उल्लेख गर्दै नेपाली विद्यार्थीलाई अध्ययनका लागि सहज वातावरण निर्माणबारे आफूले पहल गर्ने पनि आश्वासन दिएका थिए ।

मकर संक्रान्तिको महत्व

काठमाडौं, (रासस)/सूर्य धनु राशिबाट मकर राशिमा प्रवेश गर्ने संक्रान्ति भएकाले माघ १ गतेलाई मकर (माघे) संक्रान्ति भनिन्छ ।

माघ १ गते देखि उत्तरायण सुरु हुने भएकाले दिनभन्दा रात छोटा हुँदै जान्छन् । उत्तरायण शुरु हुने दिनको स्नान, जप, तप, ध्यान साधना, दान आदिलाई पुण्यदायक मानिन्छ । यसैले आजको दिन देवघाट, त्रिशुली, कालीगण्डकी, वारमती, इन्द्रावती, त्रिवेणी, रिडीलगायतका स्थानमा माघ स्नान गर्ने भक्तजनको भीड लाग्छ ।

यी ठाउँमा आज विशेष मेलासमेत लाग्ने गर्छ । तराईवासीले माघ १ लाई नहान अर्थात् गुहाउने पर्वका रुपमा मनाउँछन् । यसैले आजको दिन देवघाट, त्रिशुली, कालीगण्डकी, वारमती, इन्द्रावती, त्रिवेणी, रिडीलगायतका स्थानमा माघ स्नान गर्ने भक्तजनको भीड लाग्छ ।

यी ठाउँमा आज विशेष मेलासमेत लाग्ने गर्छ । तराईवासीले माघ १ लाई नहान अर्थात् गुहाउने पर्वका रुपमा मनाउँछन् । यसैले आजको दिन देवघाट, त्रिशुली, कालीगण्डकी, वारमती, इन्द्रावती, त्रिवेणी, रिडीलगायतका स्थानमा माघ स्नान गर्ने भक्तजनको भीड लाग्छ ।

आजका दिन शरीरमा तिलको तेलले मालिस गर्दा दूषित पदार्थ बाहिर निस्कन्छ भन्ने विश्वास छ । शरीरका नाडी, स्नायुमण्डल र हड्डीलाई तिलको तेल मालिसबाट सुदृढ र स्वस्थ राख्न सकिने आयुर्वेद शास्त्रीय मान्यता छ । सूर्य उत्तरायण भएपछिको जन विश्वास छ । माघे संक्रान्तिका दिन घ्यू, चाकु, तिलका परिकार, तरुल, पालुङो, खिचडी आदि खाने चलन छ । यी परिकारले आउँगामा न्यानो प्रदान गर्ने भएकाले चिसो समयमा पर्ने पर्वमा तता परिकार खाने गरिएको हो । यी खानाले त्रिदोष नाश हुने आयुर्वेदका चिकित्सकको भनाइ छ । तरुल पुसको अन्तिम दिनमा पकाएर राखी माघमा खाने प्रचलनसमेत विभिन्न ठाउँमा छ । यसलाई 'पुसमा पाके, माघमा जाके' भने उखानका रुपमालेमेत प्रयोग गरिन्छ ।

आजका दिन शरीरमा तिलको तेलले मालिस गर्दा दूषित पदार्थ बाहिर निस्कन्छ भन्ने विश्वास छ । शरीरका नाडी, स्नायुमण्डल र हड्डीलाई तिलको तेल मालिसबाट सुदृढ र स्वस्थ राख्न सकिने आयुर्वेद शास्त्रीय मान्यता छ । सूर्य उत्तरायण भएपछिको मृत्युलाई उत्तम मानिन्छ । महाभारत युद्धमा मृत्यु श्ययामा पुगेका भीष्मले इच्छा मृत्युको वरदान पाएअनुसार सूर्य उत्तरायणपछि नै शरीर त्यागेका थिए । आजका दिन भक्तपुरको तिलमाधव नारायणस्थानमा पनि मेला लाग्ने गर्दछ ।

माघ महिनामा माघ माहात्म्यको पनि ठूलो महत्व छ । स्कन्द पुराणको माघ माहात्म्य अन्तर्गत केदारखण्डको कुमार र अगस्त्यबीच भएको संवाद अर्थात् स्वस्थानी सुन्ने सुनाउने क्रम पौष शुक्ल पूर्णिमादेखि शुरु हुन्छ । यो क्रम माघ शुक्ल पूर्णिमासम्म जारी रहन्छ । यस वर्ष माघ ३ गतेदेखि श्री स्वस्थानी व्रतकथा शुरु हुने नेपाल पञ्चाङ्ग निर्णायक समितिले जनाएको छ । यो व्रत गर्ने चान्द्रमास अनुसार माघ महीनाभर स्नान गरी नित्य मध्यान्हकालमा श्रीमहादेवको पूजा आराधना गर्छन् ।

पाँच हजार ८७ जनामा कोरोना संक्रमण थपिए

काठमाडौं (रासस)/ देशभर पछिल्लो २४ घण्टामा थप पाँच हजार ८७ जनामा कोरोना संक्रमण पुष्टि भएको छ ।

पछिल्लो २४ घण्टामा २० हजार ५६० जनाको नमूना परीक्षण गरिएको थियो । तेह्र हजार ४७४ जनाले पिसिआर र सात हजार ८६ जनाको एन्टिजीन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।

गत २४ घण्टामा ३०६ जना कोरोना भाइरसबाट संक्रमण-मुक्त भएका छन् । यससँगै संक्रमणमुक्त हुनेको संख्या आठ लाख १५ हजार ६४३ पुगेको छ । योदर ९६ दशमलव पाँच प्रतिशत रहेको मन्त्रालयले जनाएको छ । नेपालमा पिसीआर विधिबाट कोरोना परीक्षण गरिंदा आठ लाख ४५ हजार ५०१ र एन्टिजेन विधिबाट परीक्षण गरिंदा एक लाख १०८ जना संक्रमित भएको मन्त्रालयले जनाएको छ । पिसिआर विधिबाट परीक्षण गर्नेको संख्या ४९ लाख ८१ हजार २६० र एन्टिजेन विधिबाट परीक्षण गर्नेको संख्या आठ लाख ८० हजार ८८२ पुगेको छ । कुलमा सङ्क्रमण दर १० प्रतिशत छ ।

कोभिड विरुद्धको खोप लगाउनेको संख्या पछिल्लो २४ घण्टामा तीन लाख २० हजार २६७ रहेको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई दुक्क हुनुहोस् ।

एक वर्षको वारेन्टीका साथै दुई वर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सितैमा लैजानुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

२४ औं भूकम्प सुरक्षा दिवस २०७८ को अवसरमा

हेटौंडा उपमहानगरपालिकाद्वारा नगरबासीहरुमा जारी गरिएको

प्रतिबद्धतासम्बन्धी सूचना

"भूकम्पीय सचेतना, सुरक्षित संरचना"

क) म भूकम्पीय जोखिमबाट सुरक्षित हुने उपायहरु सिक्नेछु र परिवारका सबै सदस्यहरुलाई सिकाउने छु ।
ख) मैले बनाउने घर भूकम्प प्रतिरोधी बनाउनेछु ।
ग) मेरो अहिले भइरहेको घरलाई भूकम्पीय प्रबलीकरण गर्नेछु ।
घ) मेरो समुदायमा भूकम्प प्रतिरोधसम्बन्धी जनचेतना अभिबृद्धिमा लाउनेछु ।

"घर बलियो बनाऔं, जनधन सुरक्षित गरौं ।"
"घरको पिल्लर/बिम बलियो बनाऔं, भूकम्पबाट बचौं ।"

"भूकम्पले मान्छे मार्दैन, मान्छेले नै निर्माण गरेको संरचनाले मार्न सक्छ । त्यसैले भूकम्पीय सुरक्षित भवन निर्माण गरौं, आफ्नो धन जनलाई सुरक्षित गरौं ।" हेटौंडा उपमहानगरपालिकाद्वारा जारी गरिएको मापदण्ड पालना गरौं र नक्सा पास गरी भवन निर्माण गर्ने बानी बसालौं ।

मकवानपुर स्वास्थ्य कार्यालय निमित्त प्रमुखमा गुरागाईं

साझाकुरा संवाददाता

हेटौंडा/जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरको निमित्त प्रमुखको जिम्मेवारी स्वास्थ्य क्षेत्रका अनुभवी व्यक्ति भीमसागर गुरागाईले सम्हाल्ने भएका छन् ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गुरागाईलाई मकवानपुर स्वास्थ्य कार्यालयको निमित्त प्रमुखको जिम्मेवारी तोकेको हो । शुक्रबार निमित्त कार्यालय प्रमुख गुरागाईलाई कर्मचारीले स्वागत गर्दै पदस्थापन गरेको छ ।

थाइल्याण्डबाट पब्लिक हेल्थमा स्नातकोत्तर उत्तीर्ण गरेका गुरागाई जनस्वास्थ्य अधिकृत (सातौं तह) हुन् । यसअघिका कार्यालय प्रमुख प्रणय उपाध्यायको अनिवार्य अवकाश भएपछि कार्यालय प्रमुखको पद रिक्त भएको थियो ।

स्थानीयलाई नि:शुल्क रगत

हेटौंडा/मकवानपुरको ५ वटा स्थानीय तहले आफ्नो स्थानीयबासीलाई नि:शुल्क रगत उपलब्ध गराउने भएको छ ।

स्वास्थ्य उपचारका क्रममा आवश्यक रगत पालिकाले नि:शुल्क उपलब्ध गराउने भएको हो । रगत उपलब्ध गराउन स्थानीय तहहरूले नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा मकवानपुर सँग सम्झौता गरेको हो ।

रेडक्रस मकवानपुर र पालिकाबीच भएको सम्झौताअनुसार रक्तसञ्चार केन्द्र हेटौंडाबाट आवश्यक रगत नि:शुल्क प्राप्त गर्न सकिनेछ । जिल्लाको हेटौंडा उपमहानगर पालिका, बकैया गाउँपालिका, मनहरी गाउँपालिका, मकवानपुरगढी गाउँपालिका र बागमती गाउँपालिकाले रेडक्रसको सम्झौताअनुसार प्रतियुनिट ८ सय ५० रुपैयाँ भुक्तानी गरी रगत उपलब्ध गराउने भएको हो । नि:शुल्क रगत कार्यक्रमलाई अन्य पालिकामा पनि विस्तार गर्ने योजना रहेको नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा मकवानपुरका मन्त्री पितामबर बास्तोलाले जानकारी दिए ।

कोरोनाबाट बच्न हेटौंडामा माक्स अभियान

साझाकुरा संवाददाता

हेटौंडा/हेटौंडामा कोरोनाको नयाँ भेरिएन्ट ओमिक्रोन भाइरसबाट बच्न सचेतनामूलक पर्चा तथा मास्क वितरण अभियान पुन: सुरु गरिएको छ ।

शुक्रबार बिहान हेटौंडा-१० बसपार्कमा मकवानपुरमा पुरानो नारायणी यातायात कम्पनी प्रालि, जिल्ला प्रहरी कार्यालय मकवानपुर र सामुदायिक प्रहरी उप-केन्द्र मकवानपुरको समन्वयमा ओमिक्रोन भाइरसबाट बच्न सचेतनामूलक पर्चा तथा मास्क वितरण अभियान सुरु गरिएको हो ।

अनिवार्य मास्क लगाऔं, स्वास्थ्य मापदण्ड पालना गरौं भन्ने उद्देश्यले मकवानपुरका प्रमुख जिल्ला अधिकारी भरतमणी पाण्डे तथा मकवानपुर प्रहरी प्रमुख एसपी सुरेन्दबहादुर गुरुङको उपस्थितिमा अभियान सुरु गरिएको हो ।

गत बुधबार बसेको डिप्रिसीएमसीको निर्णय अनुसार शुक्रबारबाट मकवानपुरमा सार्वजनिक तथा यातायात स्थलहरुमा माक्स प्रयोग अभियानलाई सुरु गरिएको मकवानपुरका प्रजिअ पाण्डेले बताए । उप-केन्द्र अध्यक्ष प्रदिप कर्डेनको सभाध्यक्षतामा भएको यातायात कम्पनीका अध्यक्ष हिरालाल श्रेष्ठ, महासचिव सरोज खनाल लगायत सञ्चारकर्मीहरुको उपस्थिति रहेको थियो ।

अभियानको सुरुवातमा सिडिओ र एसपी सहितका अतिथिहरुले बसपार्कमा रहेका पसल तथा बसका यात्रुहरुलाई माक्स वितरण गर्दै यात्राका समयमा माक्स अनिवार्य प्रयोग गर्न अनुरोध गरेका थिए ।

विपन्न परिवारलाई घर

साझाकुरा संवाददाता

हेटौंडा/हेटौंडा उपमहानगरपालिका वडा नम्बर-१८ भुलभुलेका अत्यन्त विपन्न लक्ष्मण सार्कीलाई दुई कोठाको घर निर्माण गरेर हस्तान्तरण गरिएको छ ।

उपमहानगरपालिकाका मेयर हरिबहादुर महतले सार्कीलाई नयाँ घरमा प्रवेश गराएका थिए । वर्षौंदेखि अत्यन्तै विपन्न र हातमुख जोर्नेका लागि सधैंको समस्या भोग्दै आजु भएका सार्कीलाई घर हस्तान्तरण गरिएको मेयर महतले बताइन् ।

सरकार भनेको पहुँचवाला र धनीमानीलाई भन्दा पनि अत्यन्त विपन्न परिवारलाई सहयोग गर्नुपर्छ भन्ने आफ्नो अभियान रहेको बताए । धनसम्पती भएका र पहुँच भएकाहरुले सधैं सरकारबाट फाइदा मात्र लिने गरेको र विपन्न परिवारका लागि स्थानीय सरकार उद्धार बन्दै आएको मेयर महतले बताए ।

हेटौंडा-१८ का वडा अध्यक्ष अनिल बानियाँको पहलमा स्थानीयहरु र उपमहानगरपालिकाको सहयोगमा दुइ वटा कोठा निर्माण गरेर सार्कीलाई हस्तान्तरण गरिएको हो ।

५१ परिवारलाई चामल र ब्ल्याङ्केट वितरण

साझाकुरा संवाददाता

हेटौंडा/हेटौंडा उपमहानगरपालिका-१६ स्थित हटियाका विपन्न परिवारलाई चामल र ब्ल्याङ्केट वितरण गरिएको छ ।

हेटौंडा उपमहानगर पालिका र रुँगटा वेलफेयर सोसाइटी आर्दश नगर वीरगंजको सहयोगमा चामल र ब्ल्याङ्केट वितरण गरिएको हो । उपमहानगरपालिकाका प्रमुख हरिबहादुर मतहले एक कार्यक्रमबीच स्थानीय ५१ विपन्न परिवारलाई सो सामान हस्तान्तरण गरेका हुन् ।

कार्यक्रममा प्रमुख अतिथि तथा मेयर महतले खान लाउनको समस्या भोग्दै आएका परिवारलाई स्थानीय सरकारले सहयोग गर्दै आएको र अबका दिनहरुमा पनि गर्ने प्रतिबद्धता जनाए । विपन्न परिवारका लागि हेटौंडा-१६ का वडाध्यक्ष रामकृष्ण कोइरालाले विशेष सहयोग गरेका थिए ।

कोरोनाको तेस्रो लहरसँग जुध्न हेटौंडा अस्पताल तयार

साझाकुरा संवाददाता

हेटौंडा/मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठाद्वारा संचालित हेटौंडा अस्पतालले कोरोना भाइरस महामारीको तेस्रो लहरसँग जुध्न तयार रहेको दावी गरेको छ ।

प्रतिष्ठानले शुक्रबार पत्रकार सम्मेलन गर्दै कोरोनाको दोस्रो लहरमा पनि संक्रमितहरुलाई उपचार गर्न सफल भएकोले अब तेस्रो लहर आउन लागेकाले त्यसको तयारीमा आफुहरु रहेको प्रतिष्ठानका रजिष्टार तथा हेटौंडा अस्पतालका अध्यक्ष रावेश प्रसाईंले बताए । कोरोनाका बिरामीलाई दोस्रो लहरमा पनि उपचारमा सकेको प्रयास गरिएको र अहिले पनि कुनै कमी हुन नदिने अस्पतालले जनाएको छ ।

हेटौंडा उपमहानगर-पालिका र उद्योग संघले दिएको अक्सिजन प्लान्ट सञ्चालन भइरहेको र अब फेरी अर्को अक्सिजन प्लान्ट केही दिनमानै सञ्चालन हुने भएको बाहिरबाट अब अक्सीजन खरिद गर्नुपर्ने बाध्यता नरहेको उल्ले बताए । कोरोनाका बिरामी जाँच गराउनका लागि आइसीयु, एपडीयु, भेन्टीलेटर, इमरजेन्सी वार्ड तयारी हालमा रहेको बताए ।

अब अस्पतालको लागि भौतिक पूर्वाधार अभाव हटदै गएको बताउँदै रजिष्टार प्रसाईंले भने- 'नयाँ निर्माण भएको भवन पुरा हुँदै छ । दुइ महिना भित्रमा हस्तान्तरण भएपछी झनै सहज हुने र अर्को भवन निर्माणको काम पनि तिव्र गतिमा भइरहेको छ ।' प्रष्ठिानको डाक्टर र नर्ष अध्यापन गराउनका लागि हेटौंडाको टिसीएमभ भवन निर्माणका लागि टेण्डर भइसकेको उनले बताए ।

प्रतिष्ठानको शैक्षिक भवनको टेण्डरपछी अबको केही वर्षमा आफ्नै भवनमा रहेर पढ्दा सकिने प्रतिष्ठानका संयोजक चिरञ्जीवी चुँडालले बताए । अहिले अस्पतालको फोहोरमैला पनि व्यावस्थापन भएको उनले बताए । अस्पतालमा डेण्टल पनि सुरु गर्न तयारी गरिएको छ । अस्पतालका कर्मचारीलाई कोरोना संक्रमण भइसकेकोले सास्थानी पनि अपनाइएको अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डाक्टर रामचन्द्र सापकोटले बताए ।

जिल्ला बहुउद्देश्यीय सहकारी संघको आठौं भेला सम्पन्न

साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुर जिल्ला बहुउद्देश्यीय सहकारी संघको आठौं वर्षिक साधारण सभा शुक्रबार हेटौंडा-९ मा रहेको नारायणी बहुउद्देश्यीय सहकारी संस्थाको सभाहलमा सम्पन्न भएको छ ।

साधारणसभामा संघका अध्यक्ष रामहरि न्यौपानेले संस्थागत प्रतिवेदन, कोषाध्यक्ष बिमलकुमार ढकालले आर्थिक प्रतिवेदन र लेखा सुपरीवेक्षण समितिका संयोजक रामेश्वर अर्यालले लेखा समितिको प्रतिवेदन पेश गरेका थिए ।

हेटौंडा-९ का वडा अध्यक्ष लक्ष्मणप्रसाद भण्डारीको प्रमुख आतिथ्यता एवम् सहकारी संघका अध्यक्ष रामहरि न्यौपानेको सभाध्यक्षतामा साधारणसभा भएको थियो ।

साधारणसभामा नेपाल बचत तथा ऋण सहकारी संघ, बागमती प्रदेशकी उपाध्यक्ष राधा विद्रहान, शिवम् सिमेन्टका बिक्री क्षेत्रीय प्रबन्धक मनद गोतामे, नारायणी बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष जंगबहादुर गुरुङ, विभिन्न बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष र व्यवस्थापकहरुको सहभागिता थियो ।

मकवानपुर जिल्लामा रहेका ३२ वटा बहुउद्देश्यीय सहकारी संस्थाहरु मध्ये १९ वटा बहुउद्देश्यीय सहकारी संस्थाहरु संघमा आवद्ध रहेको र संघले आव ०७७/०७८ मा ३८ लाख ७२ हजारको कारोबार गरेको संघले जनाएको छ ।

बसामाडी जेसीजमा अग्रवालको नेतृत्व

साझाकुरा संवाददाता

हेटौंडा/जेसीआई बसामाडीको वर्ष २०२२ का लागि नयाँ नेतृत्व चयन गरिएको छ ।

शुक्रबार सम्पन्न साधारण सभाले चिराग अग्रवालको अध्यक्षमा नयाँ नेतृत्व सर्वसम्मत चयन भएका हुन् ।

जेसीजको कार्यकारिणी उपाध्यक्षमा सुरज डंगोल र सरोज पौडेल र उपाध्यक्षहरुमा मनिष घिमिरे, विजय कार्की, असिम डुंगाना र अनिल भण्डारी सर्वसम्मत चयन भएका हुन् ।

हार्दिक बधाई

किरणबाबु न्यौपाने बासु न्यौपाने

नेपाल पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघको छैठौं महाधिवेशनबाट मेरो आत्मीय दाजुहरु **श्री किरणबाबु न्यौपानेज्यू**, र **श्री बासु न्यौपानेज्यू** क्रमश: गरिमामय सहकोषाध्यक्ष र लेखा समिति सदस्य पदमा निर्वाचित चयन हुनु भएकोमा उहाँहरुको सफल कार्यकालको शुभकामनासहित हार्दिक बधाई ज्ञापन गर्दछु ।

सबिन न्यौपाने (वडा अध्यक्ष)

हेटौंडा उपमहानगरपालिका वडा नं. १

मोटरसाइकल हरायो

निम्न व्यहोराको मोटरसाइकल २०७८ साल पुस १९ गते हेटौंडा-१ पिपलबोटस्थित सडक किनारामा पार्किङ गरिएको अवस्थामा बेलुका अन्दाजी ९:०० बजेको समयमा हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न फोन नम्बरमा खबर गरिदिनु हुन अनुरोध गरिन्छ ।

मोटरसाइकल नम्बर: बा. प्र-०३-००४ प ९४७
मोटरसाइकल बनीको नाम: हुन्डाइ फिल जर्ज लि. काठमाडौं
ऋणी: श्री चन्द्रबहादुर बजगाईं हेटौंडा-५
मोटरसाइकलको ब्राण्ड (नाम): बजाज पल्सर, २२०F
मोटरसाइकलको रंग: काले
मोटरसाइकल बनेको वर्ष: जन् २०२१
चेसिस नम्बर: MD2A13EXOMCE90109
इन्जिन नम्बर: DKXCME11546
सम्पर्क फोन नम्बर: ९८४५०७८३४०

मोटरसाइकल हरायो

निम्न व्यहोराको मोटरसाइकल २०७८ साल पुस २९ गते हेटौंडा-१० स्थित जिल्ला प्रहरी कार्यालय अगाडिको पार्किङबाट दिउँसो २:०० बजेदेखि ३:०० बजेको बिचमा हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न फोन नम्बरमा खबर गरिदिनु हुन अनुरोध गरिन्छ ।

मोटरसाइकल नम्बर: बा. प्र-०३-००३ प ७७७४
मोटरसाइकल बनीको नाम: डी.डी.एस. ग्रिट्टी बालुका प्रशोधन उद्योग प्रा.लि., हेटौंडा-९ मकवानपुर
मोटरसाइकलको ब्राण्ड (नाम): बजाज पल्सर, २०० NSABS
मोटरसाइकलको रंग: प्लाउमा विलो
मोटरसाइकल बनेको वर्ष: जन् २०२१
चेसिस नम्बर: MD2A36FX8LMCK80168
इन्जिन नम्बर: JLXCL149561
सम्पर्क फोन नम्बर: ९८७४४९७७४

HETAUDA CITY HOSPITAL PVT.LTD.
Hetauda-1, Sub-metropolitan
Phone: 057-520315

VACANCY ANNOUNCEMENT

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

S.No.	Designation	No.	Salary (Rs)	Min. Qualifications
1	Staff Nurse	Few	14000-18000	PCL/NHPC registered
2	Lab Technologist	1	18000-25000	BMLT/NHPC registered
3	CMA/ANM	Few	Negotiable	TSLC

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.



गोर्खाली ट्रेड एण्ड सप्लायर्स
हेटौंडा-४, रजतजयन्ती, फोन: ९८४५०७०१६६४, ९८४५०३१६६४

नवीकरण सम्बन्धि सूचना

उपरोक्त सम्बन्धमा यस संघ अन्तर्गत रहेका सम्पूर्ण निर्माण व्यवसायीहरुको आ.व. २०७८/०७९ को लागि इजाजत पत्र नवीकरण गर्ने कार्य यही माघ मसान्तसम्म रहेको हुनाले माघ मसान्तभित्र नवीकरण गरिसक्नु हुन अनुरोध गरिन्छ । अन्यथा सिफारिस नलिने तथा नवीकरण नगर्ने फर्म कम्पनीहरुलाई संघबाट दिइने सेवा सुविधाबाट वञ्चित गराउनुको साथै यस संघको विधानको आचारसहिता बमोजिमसमेत हुने जानकारी गराइन्छ ।

निर्माण व्यवसायी संघ मकवानपुर
हेटौंडा, मकवानपुर



खुल्यो ! खुल्यो
नयाँ व्यवस्थापकका साथ अमलेखगञ्जको जस्तै
लोकल कुखुरा लगायत मासुको आइटमको मीठो स्वाद
अब होटल म्याक्समा
होटल MAX
हेटौंडा-३, बसामाडी, मो.नं. ९८४५०२५७२७

साझाकुरा
www.sajhakuranews.com
"तपाईं, हामी सबैको कुरा "
हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि सबिन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना